# वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

### मिति २०७९।०३।०७ गतेको चौथो कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १.(क)** अघिल्लो बैठकमा टेबल गरिएका देहायका विधेयकहरु माथि आजको बैठकमा छलफल गरियो। छलफलमा प्राप्त राय सुझावहरुलाई समावेश गर्दै स्वीकृतीका लागि आगामी नगरसभाको बैठक समक्ष पेश गर्ने निर्णय गरियो।

निम्न

(१) आर्थिक विधेयक, २०७९ (२) विनियोजन विधेयक, २०७९

**(ख)** यस वीरेन्द्रनगर नगरपालिकाको त्रिवर्षिय राजश्व सुधार कार्ययोजना सम्बन्धमा आजको बैठकमा छलफल गरि प्राप्त राय सुझावहरुलाई समावेश गर्दै संशोधन सहित स्वीकृती गरियो।

**निर्णय न. २.** यस वीरेन्द्रनगर नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को विभिन्न क्षेत्रगत नीति, कार्यक्रम तथा चालु तर्फको बजेट मस्यौदा प्रतिवेदन सम्बन्धमा आजको बैठकमा छलफल गरियो। छलफलमा प्राप्त राय सुझावहरुलाई समावेश गर्दै उक्त मस्यौदा प्रतिवेदन स्वीकृत गरियो। साथै आजको बैठकबाट तय गरिएका नीति, कार्यक्रम तथा चालु तर्फको बजेटको अन्तिम स्वीकृतका लागि आगामी नगरसभाको बैठक समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय न. ३. (क)** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१४) बमोजिम कार्यपालीकाको काम कारबाहीलाई व्यवस्थित गर्नका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.१.३ बमोजिम यस नगरपालिकाका लागि गठन हुने तपसिलका विषयगत समितिमा निम्नानुसार पदाधिकारीको संयोजकत्वमा गठन गर्ने निर्णय गरियो।

| क्र स | समितिको नाम | पदाधिकारी | | |
|---|---|---|---|---|
| | | संयोजक | सदस्य | |
| १ | आर्थिक विकास समिति | श्री ऋषी गिरी | श्री डण्ड वि क | श्री लक्ष्मी चौधरी |
| २ | पुर्वाधार विकास समिति | श्री नवराज गुरुङ | श्री रचना बाठा | श्री जनक बहादुर रावल |
| ३ | वातावरण तथा विपद व्यवस्थापन समिति | श्री खिमलाल देवकोटा | श्री दिनेश खत्री | श्री सरिता चौधरी |
| ४ | सामाजिक विकास समिति | श्री टिका घले | श्री तृप्ती वि क | श्री कृष्ण बहादुर थापा |
| ५ | सुशासन तथा संस्थागत विकास समिति | श्री टिकाराम शर्मा | श्री देव बहादुर रोकाया | श्री रचना बाठा |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०३।०७ गतेको चौथो कार्यपालिका बैठकको निर्णयहरु

| क्र स | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास समिति | क) कृषि तथा पशुपन्छी सम्बन्धी<br>ख) उद्योग, वाणिज्य, पर्यटन प्रवर्द्धन सम्बन्धी<br>ग) सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी<br>घ) रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण सम्बन्धी<br>ङ) सार्वजनिक निजी साझेदारी सम्बन्धी |
| २ | पुर्वाधार विकास समिति | क) सडक तथा यातायात पूर्वाधार सम्बन्धी<br>ख) जलविद्युत, उर्जा, सडक वत्ती सम्बन्धी<br>ग) भवन तथा भवन संहिता एवम् निर्माण इजाजत सम्बन्धी<br>घ) जग्गा नाप नक्सा, घरजग्गा धनीपुर्जा सम्बन्धी<br>ङ) भू-उपयोग तथा वस्ती विकास सम्बन्धी<br>च) सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी<br>छ) खानेपानी व्यवस्थापन सम्बन्धी |
| ३ | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | क) वन, वन्यजन्तु तथा भू संरक्षण सम्बन्धी<br>ख) जैविक विविधता संरक्षण सम्बन्धी<br>ग) वातावरण, पर्यावरण एवम् जलाधार क्षेत्र संरक्षण सम्बन्धी<br>घ) फोहरमैला व्यवस्थापन सम्बन्धी<br>ङ) जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी<br>च) जलवायु परिवर्तन सम्बन्धी<br>छ) विपद् व्यवस्थापन, बारुण यन्त्र, एम्बुलेन्स सम्बन्धी<br>ज) खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी<br>झ) सरसफाई सम्बन्धी |
| ४ | सामाजिक विकास समिति | क) आधारभुत तथा माध्यामिक शिक्षा सम्बन्धी<br>ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी<br>ग) आधारभुत स्वास्थ्य सम्बन्धी<br>घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक<br>ङ) गैर सरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी<br>च) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी<br>छ) भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा सम्बन्धी |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

## वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

### मिति २०७९।०३।०७ गतेको चौथो कार्यपालिका बैठकको निर्णयहरु

| | | |
|---|---|---|
| ५ | सुशासन तथा संस्थागत विकास समिति | क) सेवा प्रवाहको मापदण्ड सम्बन्धी<br>ख) स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी<br>ग) सार्वजनिक खरीद तथा सम्पति व्यवस्थापन सम्बन्धी<br>घ) संघ, प्रदेश र स्थानीय तह बिचको सम्बन्ध र समन्वय तथा वडा सँगको समन्वय सम्बन्धी<br>ङ) सभा तथा बैठक व्यवस्थापन<br>च) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी<br>छ) आन्तरिक र अन्तिम लेखा परीक्षण सम्बन्धी<br>ज) बिदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विधुषण सम्बन्धी<br>झ) राजश्व नीति तथा प्रशासन सम्बन्धी<br>ञ) वित्तीय जोखिम न्यूनिकरण, आर्थिक प्रशासन तथा बेरुजु फछ्यौट सम्बन्धी<br>ट) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी<br>ठ) योजना, अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन सम्बन्धी<br>ड) सुशासन प्रवर्द्धन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण सम्बन्धी<br>ढ) नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी<br>ण) एफ.एम.संचालन सम्बन्धी<br>त) सूचना तथा संचार प्रविधि विकास तथा विस्तार सम्बन्धी |

**(ख)** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१४) बमोजिम गठन हुने विधायन समितिमा देहायका पदाधिकारीहरु रहने गरि अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने।

(१) श्री यामुना नेपाली,कार्यपालीका सदस्य – संयोजक

(२) श्री दिलिप वाग्ले, वडा न ७ सदस्य – सदस्य

(३) श्री नम्रता कार्की, वडा न ५ सदस्य – सदस्य

(४) श्री नरहरि तिवारी – सचिव

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

# वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

### मिति २०७९।०३।०७ गतेको चौथो कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. ४.** यस वीरेन्द्रनगर नगरपालिकाको भू उपयोग नीति सम्बन्धमा आजको बैठकमा छलफल गरियो । नेपाल सरकारले तोकेको मापदण्डका आधारमा भू उपयोग नीति निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न. ५. (क)** स्थानीय तह सदस्य निर्वाचन २०७९ को लागि भएको व्यवस्थापकिय रकम रु.११,९७,०२०।२० र कार्यालय व्यवस्थापन तर्फ खर्च गरिएको नपुग रकम रु.११,३०,०००। चालु आर्थिक वर्ष २०७८।०७९ को दैनिक भ्रमण खर्च शिर्षकबाट रकमान्तर गरि भुक्तानी गर्ने निर्णय गरियो ।

(ख) चालु आर्थिक वर्ष २०७८।०७९ का लागि विनियोजित योजना तथा कार्यक्रमहरु मध्ये नगरपालिकाको एघारौ नगरसभा हुनुपुर्व विभिन्न वडाबाट रकमान्तरका लागि आजको बैठकमा पेश हुन आएका योजनाहरुको सम्बन्धमा अन्तिम पटकका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**निम्न**

(१) पूँजिगत तर्फका योजनाहरु पूँजिगत तर्फ नै रकमान्तर गरि खर्च गर्ने ।

(२) चालु तर्फका योजनाहरु पूँजिगत तर्फ रकमान्तर गरि खर्च गर्ने ।

(३) पूँजिगत तर्फका योजनाहरुको बजेट चालु तर्फ रकमान्तर नगर्ने ।

**निर्णय न. ६.** यस नगरपालिकाको न्यायिक समिति एंव कानूनी विषय व्यवस्थापन गर्न तथा सूचना प्रविधि मैत्री नगर निर्माणका लागि क्रमश १/१ जना कानून अधिकृत र सूचना प्रविधि ईन्जिनियरको अस्थायी पद सिर्जना गरि भर्ना प्रक्रिया अघी बढाउने विषय आगामी नगरसभा समक्ष पेश गर्ने ।

**निर्णय न. ७.** कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नगर भित्र विभिन्न स्थानमा सोलार लाईट राख्न प्रदेश सरकारबाट आर्थिक वर्षको अन्त्यमा नगरपालिकालाई रु ३० लाख प्राप्त भएको हुँदा सो रकममा यसै आर्थिक वर्ष भित्र टेण्डर गरि कार्य सम्पन्न गर्न कठिन भएको तर नगरभित्र सोलार लाइट अति जरुरी भएकाले प्राप्त रकमलाई फ्रिज नगरी यथाशिघ्र कार्य सम्पन्न गर्न सम्बन्धीत वडाका वडा अध्यक्ष र लाभग्राहिहरुको भेला गराई उपभोक्ता समिति गठन गरि गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

## वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

## मिति २०७९।०३।०७ गतेको चौथो कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. ८.** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश र यस वीरेन्द्रनगर नगरपालिका बीच दुई पक्षीय सम्झौता भई वीरेन्द्रनगर नगरपालिका वडा नं.११स्थित भेरी पुल नजिक प्रशान्ती धार्मिक सामुदायिक वन र वडा नं. ७ स्थित कटकुवा धार्मिक तपोवनमा पशु चौपायाको व्यस्थापन गर्न उपभोक्ता समितिबाट गौशाला निर्माणको प्रक्रिया अगाडी बढाईएकोमा उल्लेखित निर्माण कार्यमा उपभोक्ताको प्रत्यक्ष सहभागिता हुने नदेखिएको र वर्षात लगायत ढिलो गरी प्रदेश सरकारबाट बजेट विनियोजन भएको हुँदा निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुने अवस्था नदेखिएको तर उक्त योजना नगर गौरवको योजना समेत भएको हुँदा २०७९ श्रावण मसान्त भित्र निर्धारित गुणस्तरमा सम्पन्न गर्नुपर्ने भएकाले सो को व्यवस्थापनका लागी देहाय बमोजिम गर्ने निर्णय गरियो।

निम्न

क) सम्झौता बमोजिम उपभोक्ता समितिले सहभागिता गर्नुपर्ने लागत रकम नगरपालिकाले नै सोधभर्ना गर्ने।

ख) तोकिएको लागत अनुमान अनुसारको रकम उपभोक्ता समितिका नाममा हाललाई पेश्की दिने।

ग) उपभोक्ता समितिको बैंक खाता रोक्का गरि कार्य सम्पन्न भए पश्चात समितिले आयोजनाको रकम प्राप्त गर्ने गरी बैंक खाता फुकुवा गरिदिने।

**निर्णय न. ९.** यस वीरेन्द्रनगर नगरपालिका वडा न ६ स्थित बुद्धपथ लाईन लगायत राजमार्गमा भएका सडक किनाराका जीर्ण रुख एवं हाँगाहरु विपद्को समयमा हावा हुरीका कारण भाँचिई दुर्घटना हुने जोखिम रहेकाले हाँगा कटान गर्नका लागि डिभिजन वन कार्यालय सुर्खेतलाई अनुरोध गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner